सूचना नं. -४

# बगनासकाली गाउँपालिका
# बगनासकाली गाउँ कार्यपालिकाको कार्यालय
चिर्तुङ्गधारा, पाल्पाको

## बगनासकाली गाउँपालिका क्षेत्रभित्र कवाडी मालसामान सङ्कलन गर्नका लागि सिलवन्दी दररेट पेश गर्ने वारेको सूचना

**सूचना प्रकाशन मिति २०७९।०५।०२**

बगनासकाली गाउँपालिका क्षेत्र भित्र सङ्कलन गरिने कवाडी मालसामानमा कवाडी कर लगाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-९ को दफा ६१ मा भएको व्यवस्था बमोजिम कवाडी सङ्कलन गर्न ईच्छुक दर्तावाला संस्था/व्यवसायीले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालयले तोकेको न्यूनतम अङ्कमा नघट्ने गरी सिलवन्दी दरभाउ पत्र पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

१. दरभाउ पत्र दिन चाहने फर्म/व्यक्तिले यस कार्यालयबाट पछि फिर्ता नहुने गरी रू.१०००।- (एक हजार) तिरी दरभाउ पत्र फारम खरिद गर्न सकिने छ।

२. दरभाउ पत्र खरिद गर्ने मिति : यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समय भित्र खरिद गर्न सकिनेछ।

३. दरभाउ पत्र दाखिला गर्ने समय : यो सूचना प्रकाशन भएको मितिले १६ औं दिन, दिनको १:०० बजेभित्र दर्ता गराउनु पर्नेछ।

४. दरभाउ पत्र खोल्ने मिति र समय : कार्यालयमा रितपूर्वक दर्ता हुन आएका सिलवन्दी दरभाउ पत्र १६ औं दिन दिनको ३:०० बजे कार्यालयका कर्मचारी प्रतिनिधि र दरभाउ पत्रदाताको रोहवरमा खोलिने छ। दरभाउपत्रदाता उपस्थित नभएमा पनि खोल्न वाधा पर्ने छैन। सो दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलीपल्ट सोही समयमा खोलिने छ।

५. फर्म/व्यवसायी दरभाउ पत्र स्वीकृत भएको मितिले ७ दिनभित्र कार्यालयमा सम्पर्क गर्नु पर्नेछ। संझौता गर्दा कवोल अङ्कको २ किस्ता मध्ये पहिलो किस्ता रकम संझौता गर्दा अग्रीम बुझाउनु पर्नेछ र बाँकी दोश्रो किस्ता २०७९ चैत्र मसान्त भित्र बुझाउनु पर्नेछ।

६. स्वदेशमा स्थापना भएका उद्योगहरूले जे जस्तो अवस्थामा छ सोही रूपमा पुन: प्रयोग (Re-Use) गर्ने र प्रशोधन गरी पुन: प्रयोग हुन सक्ने तपसिलका कवाडी सामानहरू तपसिल बमोजिमको दरले कवाडी माल सामान मात्र संकलन गर्नु पर्नेछ। सम्वन्धित व्यक्ति वा मालधनीबाट सहमति लिएर मात्र कवाडी माल सामान उठाउनु पर्ने छ। जथाभावी सालसामान उठाएको जनगुनासो/निवेदन पर्न आएमा सम्वन्धित ब्यक्ति/मालधनीलाई फिर्ता गर्नु पर्नेछ। यस्तो कार्य पटक पटक दोहोरिएमा संझौता रद्द गरी कारवाही अगाडी बढाइने छ।

७. कवाडी मालबस्तुको दररेट देहाय बमोजिम कायम गरिएको छ।

स्वदेशमा स्थापना भएका उद्योगहरूले जे जस्तो अवस्थामा छ सोही रूपमा पुन: प्रयोग (Re-Use) हुने सामानहरू

| सि.नं. | माल बस्तुको विवरण | इकाई | दररेट | कै. |
|---|---|---|---|---|
| १. | खाली सिसी (वियर) बोतल | प्रति गोटा | १।०० | |
| २. | खाली सिसी (चिसो पेय) बोतल | प्रति गोटा | १।०० | |
| ३. | खाली सिसी (मदिरा र अन्य) ५०० एम.एल. भन्दा माथि | प्रति गोटा | ०।५० | |
| ४. | खाली सिसी (मदिरा र अन्य) ५०० एम.एल. भन्दा तल | प्रति गोटा | ०।२५ | |
| ५. | प्लाष्टिक(बोतल,भाँडाकुँडा,पुराना जुत्ताचप्पल,ग्यालेन,जर्किन)आदी | प्रति के.जी. | ३।०० | |
| ६. | खाली बोरा : | | | |
| | क) ५० के.जी. सम्म खाद्यान्न अट्ने प्लाष्टिकका बोरा | प्रति गोटा | ०।२५ | |
| | ख) ५० के.जी. सम्म खाद्यान्न अट्ने जुटका बोरा | प्रति गोटा | २।०० | |
| | ग)१०० के.जी. सम्म खाद्यान्न अट्ने जुटका बोरा | प्रति गोटा | ५।०० | |
| ७. | तेलको टिन : | | | |
| | क) १० लिटर भन्दा वढी अट्ने ठूलो | प्रति गोटा | २।०० | |
| | ख) १० लिटर भन्दा कम अट्ने सानो | प्रति गोटा | १।०० | |

प्रमुख प्रशासकीय अधिकृत

**प्रशोधन गरी पुन: प्रयोग हुन सक्ने कवाडी मालसामानहरू**

| सि.नं. | माल बस्तुको विवरण | इकाई | प्रस्तावित दर | कै. |
|---|---|---|---|---|
| १. | गार्मेन्टको कपडाको टुक्रा | प्रति के.जी. | २|०० | |
| २. | जलेको मोबिल | प्रति लिटर | १|०० | |
| ३. | जुट र प्लाष्टिकका बोरा | प्रति के.जी. | ०|२० | |
| ४. | कार्पेटका टुक्रा | प्रति के.जी. | २|०० | |
| ५. | टायर ट्युव | प्रति गोटा | २|०० | |
| ६. | थोत्रो टिन | प्रति के.जी. | १|५० | |
| ७. | पुरानो ड्रम | प्रति के.जी. | १|०० | |
| ८. | पुराना कागज : | | | |
| | क) अखवार (न्यूजप्रिन्ट) | प्रति के.जी. | ५|०० | |
| | ख) अन्य कागज (कार्टुन समेत) | प्रति के.जी. | १|०० | |
| ९. | धातुका टुक्राहरू र पत्रु भई काम नलाग्ने भएका धातुका सामानहरू | | | |
| | क) फलाम | प्रति के.जी. | ५|०० | |
| | ख) तामा | प्रति के.जी. | १००|०० | |
| | ग) पित्तल | प्रति के.जी. | ५०|०० | |
| | घ) सिल्भर, गिल्टी, ढलोटका पुराना भाडा कुँडा | प्रति के.जी. | २५|०० | |
| | ङ) काँशका पुराना भाडा कुँडा | प्रति के.जी. | १००|०० | |
| | च) थोत्रिएर काम नलाग्ने मेशिनरी औजार | प्रति के.जी. | २|०० | |
| १०. | पोलिथिन पाईपका टुक्राहरू | प्रति के.जी. | १|०० | |
| ११. | सिसा (लिड) को धुलो वा टुक्रा | प्रति के.जी. | ४|०० | |
| १२. | काँचको धुलो र टुक्रा | प्रति के.जी. | १|०० | |

८. कवाडी संकलन कार्य गरे वापतको मू.अ. कर तथा आयकर ब्यवसायी स्वयमले किस्ता रकमसंगै अग्रीम बुझाउनु पर्नेछ।

९. प्राप्त सिलवन्दी दरभाउ पत्र स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

१०. सिलवन्दी दरभाउ पत्र दाखिला गर्दा कवोल गरेको अंकको ५% ले हुन आउने धरौटी वापतको रकम नेपाल बैंक लिमिटेड पाल्पामा रहेको यस कार्यालयको धरौटी खाता हि.नं. ०१७०३०००००३००००००००१ मा जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्नेछ।

११. ठेक्का अवधि :- २०७९ भाद्र देखि २०८० साल आषाढ मसान्तसम्मको लागि मात्र हुने छ।

१२. न्यूनतम ठेक अंक रू. २०,०००|- (बिस हजार रूपैंया) कायम गरिएको छ।

१३. अन्य कुराको जानकारी चाहिएमा कार्यालय समय भित्र गाउँकार्यपालिकाको कार्यालयमा वा (मो. नं. ९८६७५४४००८) सम्पर्क राख्न सकिने छ।

प्रमुख प्रशासकीय अधिकृत